श्री ५ को सरकार

# विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना

## राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५७

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति (गठन) आदेश, २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०५७" रहेको छ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति (गठन) आदेश, २०५२ को दफा ३ मा संशोधनः राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति (गठन) आदेश, २०५२ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (२) को,–

(१) खण्ड (क) मा रहेका "सचिव, कानून तथा न्याय मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

(२) खण्ड (घ) मा रहेका "प्रतिनिधि, गृह मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "प्रतिनिधि, (रा.प. प्रथम श्रेणी) गृह मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (च) मा रहेका "प्रतिनिधि, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रतिष्ठान" भन्ने शब्दहरूको सट्टा "प्रतिनिधि, (रा. प. प्रथम श्रेणी) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल आदेशको दफा १४ मा संशोधनः मूल आदेशको दफा १४ मा रहेको "कानून तथा न्याय मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "विज्ञान तथा प्रविधि मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

आज्ञाले,
पोषणनाथ नेपाल
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

922

श्री ५ को सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

श्री ५ को सरकारले सार्वजनिक सडक सुधार दस्तुर कोष ऐन, २०५२ को दफा ५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी पृथ्वी राजमार्गको नौविसे मुग्लीङ खण्डमा चल्ने देहायबमोजिमका सवारी साधनहरूबाट देहायबमोजिमको दस्तुर असूल गर्ने गरी तोकेको छ :

| सि.नं. | सवारी साधनहरूको किसिम | दस्तुर |
|---|---|---|
| १. | हलुका सवारी (जीप, कार, पिकअप, भ्यान, युटिलिटी भेहिकल, टेक्टर) | रू. २५।– |
| २. | भारी सवारी / उपकरण (ट्रक, मिनिट्रक, बस, मिनिबस, हेभिमेसिनरी / ईक्वीपमेण्ड) | रू. ३५।– |
| ३. | तीन पांग्रे तथा दुई पांग्रे सवारी (साइकल र रिक्सा बाहेक) | रू ५।– |

खण्ड ४९, संख्या २३, मिति २०५६ साल असोज ३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना ३ खारेज गरिएको छ ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग
९२६